धुलिखेल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धुलिखेल, काभ्रेपलाञ्चोक

प्रमुख प्रशासकीय अधिकृत

# धुलिखेल नगरपालिका क्षेत्र भित्र उत्पन्न हुने फोहोर संकलन तथा व्यवस्थापन गर्ने कार्य सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति :२०७५/०९/०३ गते

यस नगरपालिका क्षेत्र भित्र उत्पन्न हुने फोहोर प्रत्येक वडाको बजार क्षेत्रहरुमा टोल/घरमा गई नियमित रुपमा संकलन तथा व्यवस्थापन सम्वन्धी कार्य गर्न सार्वजनिक नीजि साझेदारी अवधारणा अनुरुप संस्थागत बोलपत्रबाट सेवा प्रदायक साझेदार संस्था वा कम्पनी छनौट गर्नुपर्ने भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । कानून बमोजिम दर्ता भएका इच्छुक सेवा प्रदायक फर्म, संस्था वा कम्पनीले यो प्रकृयामा भाग लिन सक्नेछन् । सो प्रयोजनको लागि यस कार्यालयको राजश्व प्रशासन शाखाबाट रु १०००। (अक्षरेपी रु एक हजार) मात्र पछि फिर्ता नहुने गरी नगदै तिरी प्रोप्राईटर वा निजले अख्तियारी दिएको व्यक्तिद्वारा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र दरभाउ पत्र फाराम खरिद गर्न सकिनेछ । दरभाउपत्र सम्बन्धी थप शर्तहरु यस प्रकार रहने छन् ।

१. इच्छुक सेवा प्रदायक फर्म,संस्था वा कम्पनीबाट फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्रको प्रतिलिपि, व्यवसाय दर्ताको ईजाजतपत्रको प्रतिलिपी, स्थायी लेखा नम्बर प्रमाणपत्र प्रतिलिपि, आ.व. ०७४/०७५ को कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि सहित दरभाउपत्र फाराम माग गर्नुपर्ने छ ।
२. शर्त राखी आएको, म्याद नाघी र रित नपुगी आएका सिलबन्दी दरभाउपत्रलाई मान्यता दिईने छैन ।
३. खरिद गरेको दरभाउपत्र सूचना प्रकाशित भएको १६ औं दिनमा दिउंसो १२.०० वजे सम्ममा दर्ता गर्न सकिने छ ।
४. दरभाउपत्र साथ रु. ५०,०००।०० (पचास हजार) बराबरको दरभाउपत्र जमानत न.पा.को रा.बा.बैंक धुलिखेलमा रहेको १०४०३०३००७१०२ नं. धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर वा सो बराबरको बैंक ग्यारेन्टीको सक्कलै पत्र पेश गर्नुपर्ने छ ।
५. दरभाउपत्र खरिद गर्ने र दरभाउपत्र पेश गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा त्यस पश्चात कार्यालय खुलेको दिनमा उक्त कार्यहरु गर्न सकिने छ ।
६. पेश भएका प्रस्तावहरु स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।
७. छनौट हुने संस्थाको अधिकार तथा जिम्मेवारी, नगरपालिकाले उपलव्ध गराउने सुविधा, सेवाको गुणस्तरका सूचकहरु तथा कार्यतालिका समेत समेटिएको कार्य क्षेत्रगत शर्तहरुको विवरण ( Tearms of Reference) यस कार्यालयको राजश्व शाखाबाट प्राप्त गर्न सकिने छ ।
८. बिस्तृत जानकारीको लागि यस नगरपालिकाको खरिद ईकाइमा सम्पर्क राख्न सकिने छ ।